# अरुण गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## ...., भोजपुर
प्रदेश नं. १, नेपाल

**खाध्य सामाग्री खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०१/०६

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको आवागमन निषेध बाट आयआर्जन गुम्न गई दैनिक जीवनयापन खतरामा परेका परिवारहरुलाई राहत उपलब्ध गराउने सम्बन्धि मर्गदर्सन, २०७६ नेपाल सरकारबाट जारी भएको अवस्था छ । सो कार्यका लागि यस गाउँपालिका भित्रका लक्षित परिवारहरुलाई खाध्य सामाग्रीहरु वितरण गर्न खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपसिल अनुसार तोकिएको सर्तमा रही खाध्य सामाग्रीहरु सप्लाई गर्न इच्छुक फर्म, कम्पनी र मिलहरुले दरभाउपत्र फाराम ७ (सात) दिन भित्र सिलबन्दी दरभाउपत्र (हाडकपी) वा यस कार्यालयको आधिकारीक E-mail arunrmun@gmail.com मार्फत पेश गर्नु हुन आव्हान गरिन्छ।

**तपसिल**

| सि.न. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | मनसुली चामल (उत्तम ग्रेडिङ) | ६०० बोरा | (प्रति बोरा ३० के.जी.) |
| २ | मुसुरी दाल | ५० बोरा | (प्रति बोरा २५ के.जी.) |
| ३ | आयोडिन नुन | १४ बोरा | (प्रति बोरा ५० के.जी.) |
| ४ | खाने तेल (सूर्यमुखी) | ६०० लिटर | (आधा लिटर पोकाको कार्टुन) |

१. यो सूचना प्रकाशित मितिले ७ (सात) दिन सम्म दरभाउ पत्र फाराम खरिद गर्ने तथा ८ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दरभाउ पत्र दाखिला गरिसक्नु पर्नेछ । ८ औ दिनको २:०० बजे उक्त दरभाउ पत्र नियमानुसार खोलिने छ । सम्बन्धित व्यक्ति वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

२. दरभाउ पत्र खरिद तथा दाखिला तथा दरभाउ पत्र खोल्ने दिन सार्वजनिक विदा परेमा पनि सोहि दिन दरभाउ पत्र दाखिला गर्ने तथा दरभाउ पत्र खोलिने छ ।

३. दरभाउ पत्र खरिद गर्दा निम्न कागजातहरुको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
   - क. खाध्य सामाग्री सप्लायर्सको प्रोपाइटरको नेपाली नागरिकताको प्रमाणपत्र ।
   - ख. मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र
   - ग. आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाणपत्र
   - घ. व्यवसाय दर्ताको इजाजत प्रमाणपत्र

४. खाध्य सामाग्री यस कार्यालयसम्म आपूर्ति गर्नुपर्ने छ ।

५. दरभाउ पत्रमा उल्लेखित अंक र अक्षरमा लेखेको व्यहोरा फरक परेमा जुन घटी हुन्छ त्यसैलाई मान्यता दिइनेछ ।

६. दरभाउ पत्र स्वीकृत भएको दरभाउ पत्र दाताले तुरुन्त खाध्य सामाग्री यस कार्यालयमा ल्याई पुर्याउनु पर्नेछ ।

७. कार्यालयमा दर्ता हुन आएका दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार पूर्णरुपमा यस कार्यालयसंग सुरक्षित रहनेछ। साथै यसमा उल्लेखित भए बाहेक सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.arunmun.gov.np वा फोन न. ९८५२०५२२३२ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner